अपिहिमाल गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खण्डेश्वरी, दार्चुला

सुदूरपश्चिम प्रदेश, नेपाल

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या २०८१-०८२

सूचना नं. १५

(प्रशासन शाखा)

## आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम सम्बन्धी राय सुझाव उपलब्ध गराउने सम्बन्धी सूचना !

(सूचना प्रकाशित मिति: २०८२।०१।२२)

यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२/०८३ को लागि वार्षिक नीति तथा कार्यक्रम तथा बजेट तर्जुमा सम्बन्धी कार्य प्रारम्भ भइरहेको बेहोरा सम्पूर्ण सरोकारवालाहरूमा अवगत गराउन चाहन्छु । उल्लेखित वार्षिक नीति, कार्यक्रम तथा बजेटमा गाउँपालिकावासीको जीवनस्तरमा सुधार ल्याउन तथा "सुन्दर, समृद्ध र विकसित अपिहिमाल" निर्माण गर्नका लागि के कस्ता नीति तथा कार्यक्रमहरू समावेश गर्नु उपयुक्त हुन्छ ? राजस्वका दरहरूमा के कस्तो हेरफेर गर्नु पर्ने हो ? सो सम्बन्धी राय, सुझाव तथा राजस्वको दरहरू सम्बन्धमा समेत आफ्ना सुझावहरू यही मिति २०८२ बैशाख ३० गते भित्र यस गाउँ कार्यपालिकाको कार्यालयको ईमेल ठेगाना apihimaldarchula@gmail.com वा info@apihimalmun.gov.np, वा its@apihimalmun.gov.np वा गाउँ कार्यपालिकाको कार्यालयमा भौतिक रूपमा उपस्थित भई उपलब्ध गराई दिन हुन आम नागरिक, बुद्धिजिवि, समाजसेवी, राजनीतिक दल, उद्योगी, व्यवसायी, व्यापारी, पेशाकर्मी, कर्मचारी, शिक्षक, गैर सरकारी संघ संस्था, महिला, बालबालिका, दलित, आदिवासी जनजाती, फरक क्षमता भएका व्यक्तिहरू, ज्येष्ठ नागरिक, सबै लक्षित वर्गका संजालहरू, शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, उपभोक्ता समिति, पूर्व जनप्रतिनिधिहरू एवं आम संचारकर्मी लगायत सम्पूर्ण सरोकारवाला कार्यालय, संघ संस्था र व्यक्तिहरूमा हार्दिक अनुरोध गरिन्छ ।

ईन्द्र बहादुर रावल
प्रमुख प्रशासकीय अधिकृत